अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# संवत् २०८० साल मंसिर २६ गते बसेको कार्यपालिका बैठकका निर्णयहरुः

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | शिक्षा यूवा तथा खेलकूद शाखा | शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ तथा सामुदायिक सिकाई केन्द्रको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ बमोजिम यस गाउँपालिका वडा ३ क्षेत्ती र वडा नं. १ आरुखोडमा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने । |
| २. | प्रशासन शाखा | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम **"अपिहिमाल गाउँपालिकाको आपतकालीन कार्य संचालन केन्द्र संचालन कार्यविधि, २०८०"** स्वीकृत गर्ने । |
| | | ईलाका प्रहरी कार्यालयको स्थापनाका लागि जिल्ला सुरक्षा समिति, दार्चुला मार्फत नेपाल सरकार गृह मन्त्रालयसगँ अनुरोध गर्ने । |
| | | अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८० को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम ११ जना बिरामी र २ वटा संघसंस्थाहरुलाई आर्थिक सहायता तथा राहत उपलब्ध गराउने । |
| | | यस गाउँपालिकाको वडा नं.५ का १५० (एक सय पचास) घरधुरीका लागि खाद्यान्न अभाव भएको हुँदा खण्डेश्वरी खाद्यान्न डिपोमा जाने चामल मकरीगाडमा उपलब्ध गराउने गरी सम्बन्धित निकायलाई पत्राचार गर्ने । |
| | | साल्टट्रेडिङ कार्यालय, धनगढीबाट यस गाउँपालिकामा प्राप्त भएको २०० (दुई सय) क्विन्टल नुन बिक्री वितरण भैसकेको र उक्त परिणामको नुन अपुग भई जनस्तरबाट थप माग भएको हुँदा ५०० (पाँच सय) क्विन्टल थप नुन उपलब्ध गराई दिन साल्टट्रेडिङको कार्यालय धनगढीलाई अनुरोध गर्ने । |
| | | यस गाउँपालिकाको वडा नं. ३ का १७४ (एक सय चौहत्तर) घरधुरीलाई सोही घरधुरीबाट खाद्यान्न ढुवानीको भाडा व्यवस्थापन गर्ने गरी ३ नं. को वडा कार्यालय बिसौनाचौरमा खाद्यान्न उपलब्ध गराई दिन खण्डेश्वरी खाद्य डिपोलाई अनुरोध गर्ने। |
| | | यस गाउँपालिकाको वडा नं. ५ को मकरीगाडमा निर्माण गरिएको संकलन केन्द्र र वडा नं. ४ को गाउँपालिकाको कार्यालय नजिक निर्माण गरिएको कृषि वहुउद्देश्यीय भवन प्रयोगका लागि मल्देश बचत तथा ऋण सहकारी संस्थासँग सम्झौता भएकोमा हाल सम्म प्रयोगमा नआएकोले सो सम्झौता अन्त्य गर्ने । |
| | | यस अपिहिमाल गाउँपालिका भित्र बसोबास गर्ने २०० (दुई सय) घरधुरीबाट वायोग्यास निर्माणको माग भएको र वायोग्यास निर्माण गर्न आवश्यक पर्ने बजेट अभावका कारण रकम उपलब्ध गराउन नसकिएको हुँदा वायोग्यास निर्माणका लागि आवश्यक पर्ने बजेट व्यवस्थापन गरिदिन सुदूरपश्चिम प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालय, धनगढी, कैलालीलाई अनुरोध गर्ने । |
| ३ | योजना तथा पूर्वाधार शाखा | सडक बोर्ड नेपालको साझेदारीमा पारीबगड-मकरीगाड सडक खण्डको वडा नं. ५ स्थित घोडेभिटा र ओखलमा सडक मर्मत संभारको कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत गर्ने । |
| | | यस अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्वीकृत दलित लक्षित कार्यक्रम शीर्षकमा विनियोजन गरिएको बजेटबाट वडा नं. ५ का दलित समुदायमा बाख्रापालन कार्यक्रम संचालन गर्ने। |
| ४. | स्वास्थ्य शाखा | गाउँपालिकाको क्षेत्र भित्र स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजिकरण गर्ने लगायतका कार्य गर्नको लागि यस गाउँपालिकामा स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन कार्यविधि, २०७८ बमोजिम स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन गर्ने । |
| ५. | कृषि शाखा | प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तरगत कृषि विकास तथा पशुपंछि तर्फका कार्यक्रम कार्यान्वयन गर्न सुदुरपश्चिम प्रदेशको **स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०** को दफा ७ बमोजिम कार्यान्वयन समिति गठन गर्ने । |

...दुर रावल
...धिकृत

| | | |
|---|---|---|
| | | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम तथा संघिय सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फ कृषि यान्त्रीकरण प्रवर्धन कार्यक्रम कार्यान्वयन गर्ने। |
| ६. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको गत आर्थिक वर्ष २०७९/०८० को प्राप्त हुन आएको अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन स्वीकृत गर्ने, लेखापरीक्षणबाट प्राप्त सुझावहरूको कार्यान्वयन गर्ने प्रतिवद्धता सहित देखिएका बेरूजु फरफारक सम्बन्धी कार्य गर्ने। |
| | | विगत वर्षहरुको बेरुजु फस्यौट सम्बन्धमा कार्यालयबाट सम्बन्धित व्यक्ति, फर्म, उपभोक्ता समिति लगायतलाई पत्राचार गरिसकेकोमा हाल सम्म बेरुजु फस्यौंटको कार्य बाँकी रहेको हुँदा पुनःसम्बन्धित व्यक्ति, फर्म र उपभोक्ता समितिलाई पत्राचार गर्ने र सो समयावधी भित्र बेरूजु फरफारको आवश्यक प्रमाण तथा कागजात पेश नगरेमा प्रचलित कानून बमोजिम गर्ने। |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत